**आकाशवाणी समाचार- नेपाली**
**मितिः २१ मई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे** (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- भारत र इटलीले आफ्नो संबंधलाई विशेष रणनीतिक साझेदारीलाई स्तर सम्म बढ़ाउन सहमत भएका छन। दुवै पक्षले दुर्लभ खनिज, रक्षा र कृषि सहित प्रमुख क्षेत्रहरुमा द्विपक्षीय सहयोगलाई बढ़ावा दिनका लागि 15 समझौता गरेका छन्।

- प्रधानमंत्री नरेन्द्र मोदीलाई संयुक्त राष्ट्र खाद्य तथा कृषि संगठनको सर्वोच्च सम्मान एग्रीकोला मेडलले सम्मानित गरिएको छ।

- पश्चिम बंगाल सरकारले भारत-बंगलादेश सीमामा काँडेतारको बार लगाउन BSF लाई ज़मीन हस्तान्तरण गर्न थालेको छ।

- पश्चिम बंगालको दक्षिण 24 परगना जिल्लाको फलता विधानसभा सीटमा पुनः मतदान सुरु भएको छ।
- र, आईपीएल क्रिकेटमा कोलकाता नाइट राइडर्सले मुंबई इंडियंसलाई 4 विकेटले पराजित गरेको छ।

**पीएम इटली**

भारत र इटलीले कृषि, दुर्लभ खनिज, आयुर्वेद, विज्ञान तथा प्रौद्योगिकी, समुद्री परिवहन र बन्दरगाहका क्षेत्रमा सहयोगलाई अझ बढाउन 15 वटा प्रमुख सम्झौतामा हस्ताक्षर गरेका छन्।हिजो रोममा प्रधानमन्त्री मोदी र इटलीकी प्रधानमन्त्री जर्जिया मेलोनी बीच प्रतिनिधिमण्डल स्तरीय वार्तापछि यी सम्झौताहरूमा हस्ताक्षर भएको हो।दुई देशले भारतीय नर्सहरूको इटली यात्रालाई सहज बनाउन एउटा सम्झौतामा पनि हस्ताक्षर गरे।एक अन्य सम्झौता लोथलमा राष्ट्रिय समुद्री विरासत परिसरको विकासमा केन्द्रित छ।दुई देशले कर सम्बन्धी अपराध, धन शोधन र आतंकवादका लागि वित्तपोषण विरुद्ध तालमेललाई मज़बूत पार्न पनि सहमति जनाए।

*****

**वार्तापछि संयुक्त** संवाददाता **सम्मेलनमा श्री मोदीले भारत र इटलीले आफ्नो सम्बन्धलाई 'विशेष रणनीतिक साझेदारी' को स्तरसम्म लिएर जाने निर्णय गरेको घोषणा गर्नुभयो।**

**बाइट-पीएम अन बिजनेस-**

प्रधानमन्त्रीले दुई देशले जहाजरानी, बन्दरगाह आधुनिकीकरण, लजिस्टिक्स र समुद्री अर्थव्यवस्थाका क्षेत्रमा पनि मिलेर काम गर्ने बताउनुभयो। श्री मोदीले दुवै देशले आतंकवादलाई मानवताको लागि गम्भीर खतराको रूपमा स्वीकार गरेको बताउनुभयो।सुश्री जर्जिया मेलोनीले दुई देशबीचको मित्रता सम्मान र पारस्परिक विश्वासमा आधारित रहेको बताउनुभयो।

*****

यसपछि, प्रधानमन्त्री मोदीलाई रोममा संयुक्त राष्ट्र खाद्य तथा कृषि संगठनको सर्वोच्च सम्मान, एग्रीकोला मेडलले सम्मानित गरियो। उहाँले यो सम्मान भारतका लाखौं किसान, पशुपालक, माछापालक, कृषि वैज्ञानिक र श्रमिकहरूलाई समर्पित गर्नुभयो।

**बाइट-पीएम एफएओ अवार्ड**

प्रधानमन्त्री नरेन्द्र मोदी पाँच देशहरुको भ्रमणको अन्तिम चरणमा इटलीको भ्रमण पूरा गरेर आज बिहान स्वदेश आउनु भयो।

**भारत-इटली**

भारत र इटलीले 2027 लाई "संस्कृति र पर्यटन वर्ष" को रूपमा मनाउनेछन्। यसको उद्देश्य सांस्कृतिक आदान-प्रदानलाई

बढ़ावा दिनुका साथै दुवै प्राचीन सभ्यता बीच संवादलाई मजबूत गर्नु हो। इटलीकी प्रधानमन्त्री जार्जिया मेलोनीले यो पहलले दुई देश बीचको आपसी समझदारीलाई गहिरो बनाउन र सांस्कृतिक कूटनीतिलाई अझ बलियो बनाउन मद्दत गर्ने बताउनुभयो। उहाँले भन्नुभयो देशहरू बीचको सम्बन्ध राजनीति र अर्थव्यवस्थाले मात्र होईन तर मानिसहरू र समाजहरू बीचको पारस्परिक सम्बन्धले पनि बलियो हुन्छ। हिजो रोममा प्रधानमन्त्री नरेन्द्र मोदीसितको संयुक्त प्रेस वार्तामा सुश्री मेलोनीले यो कुरा बताउनुभयो।उहाँले भन्नुभयो भारत र इटलीले भारत-मध्य पूर्व-युरोप आर्थिक करिडोर --आई.एम.ई.सी. लाई थप विकसित गर्न पनि मिलेर काम गर्नेछन्।सुश्री मेलोनीले आई.एम.ई.सी लाई युरोप, मध्य पूर्व र भारतलाई जोड्ने एक प्रमुख कनेक्टिभिटी र आर्थिक कोरिडोर बताउनुभयो, जसले व्यापार, लगानी र आपूर्ति श्रृंखला लचिलोपन बढाउने सम्भावना राख्छ।उहाँले भन्नुभयो G-20 नयाँ दिल्ली शिखर सम्मेलनको क्रममा अनावरण गरिएको यो करिडोरले व्यवसायका लागि ठूलो अवसरहरू सिर्जना गर्न सक्छ र भारत र युरोप बीचको आर्थिक सम्बन्धलाई अझ गहिरो बनाउन सक्छ।इटलीकी प्रधानमन्त्रीले भन्नुभयो भारत र इटलीले अन्तर्राष्ट्रिय स्थिरता, आर्थिक सुरक्षा, सुदृढ़ आपूर्ति शृङ्खला, शान्ति र समावेशी विकास लगायत प्रमुख वैश्विक चुनौतीहरूमा समान विचार साझा गर्छन्।

**प्रधान - सोशल मीडिया**

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधानले हिजो मेटा, गुगल र टेलिग्राम जस्ता प्रमुख सोशल मीडिया प्लेटफर्मका प्रतिनिधिहरूका साथ बैठक गर्नुभयो।यस बैठकमा, उहाँले प्रतिस्पर्धात्मक परीक्षाहरूसित सम्बन्धित गलत जानकारीको बढ्दो प्रसारमा गम्भीर चिन्ता व्यक्त गर्नुभयो, विशेष गरी टेलिग्राम च्यानलहरू र बेनामी अनलाइन समूहहरू मार्फत यस्तो जानकारी फैलिरहेको छ।

21 जूनमा हुने NEET UG 2026 को पुन: परीक्षाको लागि यो बैठक महत्वपूर्ण थियो।अधिकारीहरूले भन्नुभयो धेरै यस्ता च्यानलहरू प्रमुख परीक्षाहरू अघि सक्रिय हुन्छन्।यी च्यानलहरूले पेपर लीक हुने झूटा दाबी, क्लिकबेट कंटेंट र अप्रमाणित जानकारी फैलाउँछन्, जसले गर्दा विद्यार्थी र अभिभावकहरूमा त्रास, चिन्ता र भ्रम सिर्जना हुन्छ।बैठकमा यस कुरामा ज़ोर दिईयो कि त्यस्ता धेरै लिङ्कहरूले यूज़र्सलाई अटोमेटेड बट्स र नक्कली ग्रुप्समा रिडिरेक्ट गर्छन्। जसलाई गलत जानकारी फैलाउने उद्देश्यले बनाईएका हुन्छन्।

**फलता -पुनः मतदान**

पश्चिम बंगालको दक्षिण 24 परगना जिल्लाको फलता विधानसभा सीटमा आज पुनः मतदान शुरु भएको छ । मतदान बिहान 7 बजे देखि साझ 6 बजे सम्म चल्नेछ । फलता विधानसभा सीटमा भइ रहेको पुनः मतदानमा दुइ निर्दलीय उम्मीदवार सहित कुल छ उम्मीदवार मैदानमा रहेका छन् । तृणमूल कांग्रेस उम्मीदवार जहांगीर खानले चुनाव नलड़ने घोषणा गरेका छन् । यद्धपि नाम वापस लिने समय सीमा समाप्त भइ सकेको थियो जसको कारण उनको नाम मतपत्रमा औपचारिक रूपमा रहेको छ ।

भाजपाका उम्मीदवार देबांशु पांडा रहेका छन् । कांग्रेसले अब्दुर रज्जाक मोल्ला अनि सी.पी.आई.एम ले शंभू नाथ कुर्मीलाई उम्मीदवार बनाएको छ ।

चुनाव आयोगले शांतिपूर्ण मतदान सुनिश्चित गर्न सबै तैयारि गरेको छ । सबै 285 मतदान केंद्रमा वेबकास्टिंगको सुविधा उपलब्ध छ । फलता विधानसभा सीटमा कुल मतदाताहरुको संख्या दुइ लाख छत्तीस हजार भन्दा अधिक रहेको छ ।

**पश्चिम बंगाल-बीएसएफ-जमीन**

पश्चिम बंगाल सरकारले भारत–बंगलादेश सीमामा तारबार लगाउन सीमा सुरक्षा बल (बीएसएफ) लाई जमिन हस्तान्तरण गर्ने प्रक्रिया शुरु गरेको छ । हिजो नबन्नामा बीएसएफका अधिकारीहरूको उपस्थितिमा मुख्यमन्त्री सुवेन्दु अधिकारीले औपचारिक रूपमा यो प्रक्रियाको शुभारम्भ गर्नुभयो। मुख्यमन्त्रीले अघिल्लो सरकारले सीमा सुरक्षामा अवरोध गरेको आरोप लगाउनुभयो । घुसपैठ, तस्करी, नक्कली नोट, जबर्जस्ती धर्म परिवर्तन र अवैध बंगलादेशी घुसपैठलाई रोक्न सीमामा तारबार आवश्यक रहेको उहाँले बताउनु भयो । भारत–बंगलादेश सीमा पश्चिम बंगालमा करिब २ हजार २ सय किलोमिटर रहेको छ । त्यसमध्ये करिब १ हजार ६ सय किलोमिटर तारबार लगाइएको छ भने ६०० किलोमिटर अझै खुला छ । हिजो हस्तान्तरण

गरिएको २७ किलोमिटर जमिनमध्ये १८ किलोमिटर तारबार र ९ किलोमिटर सीमा सुरक्षा बल र पूर्वाधारका लागि हो । थप जमिन चाँडै हस्तान्तरण गरिने मुख्यमन्त्रीले आश्वासन दिनु भयो, जसको सम्पूर्ण लागत केन्द्र सरकार र बीएसएफले संयुक्त रूपमा बेहोर्ने छ।

**अंतर्राष्ट्रीय चाय दिवस**

आज अन्तर्राष्ट्रिय चिया दिवस मनाइँदैछ। यो दिवस राष्ट्र संघको खाद्य तथा कृषि संगठन -एफएओ द्वारा द्वारा मनाइन्छ। यस वर्षको विषय  चिया बनाएर राख्नु, समुदायलाई सहयोग गर्नु" रहेको छ।चिया उत्पादन र प्रसंस्करण लाखौं परिवारको आजीविकाको मुख्य स्रोत हो।यो उत्सवले चियाको टिकाऊ उपभोग, र व्यापारलाई बढ़ावा दिँदछ र विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरका सरोकारवालाहरूलाई यो सुनिश्चित गर्न अवसर प्रदान गर्दछ।

**आईपीएल क्रिकेट**

आइपीएल क्रिकेटमा, कोलकाता नाइट राइडर्सले हिजो आफ्नै घरेलु मैदान ईडन गार्डन्समा मुम्बई इन्डियन्सलाई 4 विकेटले पराजित गर्दै प्लेअफको आशा जीवित राखेको छ।पहिले ब्याटिङ गर्दै मुम्बई इन्डियन्सले निर्धारित 20 ओभरमा 8 विकेट गुमाएर 147 रन बनायो। वर्षाले प्रभावित म्याचमा 148 रनको लक्ष्य पछयाउँदै कोलकाता नाइट राइडर्सले 19 औं ओभरमा जित हासिल गर्यो।मनिष पाण्डेले सर्वाधिक 45 रन बनाए भने रोवमैन पावेलले 40 रन योगदान दिए। मनिष पाण्डेलाई म्यान अफ द म्याच घोषित गरियो। केकेआरका बलर सौरभ दुबे, क्यामरुन ग्रिन र कार्तिक त्यागीले दुई-दुई विकेट लिए।आजको म्याच अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा गुजरात टाइटन्स र चेन्नई सुपर किंग्स बीच हुनेछ। म्याच साँझ साढ़े सात बजे खेलिनेछ